# पशुपक्षीका मुख्य रोगहरू र तिनको उपचार एवं रोकथाम

नेपालमा विभिन्न संक्रामक रोगहरु र परजीवीबाट पशुजन्य उत्पादनमा प्रतिकूल असर पारेको देखिन्छ । नेपालमा पशुहरुमा लाग्ने विभिन्न रोगहरु र तिनको उपचार एवं रोकथाम विधि यस प्रकार छन् ।

## (१) भ्यागुते/गल घोटु/डकाहा

लक्षणः- एक्कासी ज्वरो आउने (१०६-१०७ डिग्री फरेन्हाइट), घाँटी सुन्निने, सास फेर्न अप्ठ्यारो पर्न गई घ्यार घ्यार हुने र पशुले र्‍याल समेत काढ्ने गर्दछ ।

उपचारः- सल्फाड्रग समूहका डायडीन, भेसाडीन, ओरीप्रीम तथा अन्य एन्टीबायोटिक्स (टेरामाइसिन वा टेट्रासाइक्लिन) प्रयोग गर्न सकिन्छ ।

रोकथामः- बैशाख महिनामा अनिवार्य रुपमा भ्यागुते रोग विरुद्ध एच.एस. भ्याक्सिन ३-५ मि.लि. छाला मुनि लगाउने ।

## (२) चरचरे/लंगडा

लक्षणः- ज्वरो १०४-१०६ डिग्री फ. सम्म आउने, मासु भएको ठाउँ जस्तै: तिघ्रा सुन्निने, सुन्निएको ठाउँमा थिच्दा चरचर आवाज आउने, लंगडो हुने र मृत्यु हुने ।

उपचारः- पेनीसीलिन इन्जेक्सन ६ घण्टाको अन्तरालमा लगाउने ।

रोकथामः- बर्षेनी रोग देखा पर्ने क्षेत्रमा वि.क्यू. भ्याक्सिन वैशाखमा लगाउने । भ्यागुते र चरचरेको विरुद्ध संयुक्त भ्याक्सिन पनि एकै पल्ट लगाउन सकिन्छ

## (३) पडके मा पट्के

यो रोग गाई, भैंसी, बंगुर लगायत घोडा, खच्चरलाई लाग्ने र मानिसलाई पनि सर्न सक्ने पशु रोग हो ।

लक्षणः- मरेको पशुको नाक रमलद्वारबाट आएको रगत गाढा रातो अर्थात चकलेट रंगका हुन्छ र जम्दैन । बंगुरमा घाँटी वरि परिको भाग सुन्निएर आउने र सास फेर्न नसकी मर्ने गर्दछ ।

उपचारः- स्ट्रेप्टोपेनिसीलिन १२ घण्टाको फरकमा दिने ।

रोकथामः- वर्षेनी रोग देखा पर्ने क्षेत्रमा वैशाख महिनामा एन्थ्रेक्स स्पोर भ्याक्सिन प्रयोग गर्ने । माथि उल्लेखित लक्षण देखाई अकस्मात मरेको जनावरको मासु कुनै हालतमा नखाने ।

## (४) गौगोटी (Rinderpest)

लक्षणः- कडा ज्वरो आउने, आँखामा चिप्रा पर्ने, मुख र गिंजा वरिपरि गहुँको चोकर जस्तो घाउ खटिरा आउने, गन्हाउने र पिचकारीले हाने जस्तो तिरीर्र छेर्ने र ठूलो संख्यामा एकैपल्ट महामारी फैली धेरै पशु मर्ने ।

रोकथामः- सन् १९९१ यता यो रोग नेपालमा नदेखिएको र कतै देखिएमा तुरुन्तै नजिकैको पशु सेवाकेन्द्र वा जिल्ला पशु सेवा कार्यालयमा खबर गर्ने ।

## (५) खोरेत

लक्षणः- सुरुमा कडा ज्वरो आउने, अविरल र्‍याल काढिरहने, खुट्टा खोच्याएर हिड्ने, मुख र खुर वरिपरि फोका आई घाउ खटिरा देखापर्ने । दुधालु गाई भैसीको दूध सुक्ने, विरामी माउको दूध खाने पाडापाडी, बाच्छाबाच्छी र बंगुरको पाठापाठी ठहरै मर्ने ।

उपचारः- फिटकीरी र सुहाग पानीले दिनको दुईपल्ट मुख र जिब्रो सफा गर्ने । फिनाइल पानीले खुर सफा गर्ने, मल्हम लगाउने र औंसा परेमा तारपीनको तेल लगाउने ।

रोकथामः- पहिलो पटक खोरेत विरुद्ध भ्याक्सिन लगाउदा बैशाखको पहिलो हप्ता र तेश्रो हप्तामा लगाउने र असोजमा बुस्टर डोज लगाउने । तत्पश्चात् ६/६ महिनामा नियमित रुपले लगाउने ।

## (६) रेबिज (Rabies)

कुकुर, स्याल, बिरालो, न्याउरी मुसा आदिको टोकाईबाट पाल्तु जनावर र मानिसमा लाग्ने रोग हो ।

लक्षणः- र्‍याल काढ्ने, चंचल हुने, विना कारण वैंश लागे जस्तो दाहा किटिरहने, चम्कने, क्षण क्षणमा किलो दाम्लो वा कुनै वस्तुमा आक्रमण गर्ने र पक्षघात भई केही दिन भित्रै मर्ने ।

रोकथामः- बहुला वा शंकास्पद कुकुरले मानिस वा पाल्तु जनावर लाई टोकेमा तुरुन्तै साबुन पानीले घाउ राम्ररी पखाल्ने । घर पालुवा कुकुर बिरालोलाई नियमित रुपमा एन्टी रेबिज भ्याक्सिन लगाउने ।

## (७) थुनेलो (Mastitis)

लक्षणः- थुन सुन्निने, दूध सुरुमा अलिअलि आउने, दूध फाट्ने, कल्चौडा सुन्निने, कहिले काँही ज्वरो आउने ।

उपचारः- भेटक्लक्स, पेन्डीस्ट्रीन जस्ता औषधी थुन भित्र राखी दिने, लङ्ग एक्टीङ्ग एन्टीबायोटीक प्रयोग गर्ने ।

रोकथामः- दुहुनु भन्दा अगाडि मनतातो पानीले धुने । गाई थाकेको बेलामा थुनेलो भए ब्याउनु भन्दा अगाडि उपचार गर्ने । दूध दुहि सकेपछि टिंक्चर आयोडिनमा थुन चोपि दिने, दूध छाड्नु अगाडि थुनमा औषधी राखी दिने ।

## (८) पी.पी.आर (Pestes Des Petits Ruminants)

साना उग्राउने जनावरमा महामारीको रुपमा गौगोटी जस्तै देखा पर्ने खतरनाक रोग हो ।

लक्षणः- खास गरी बाख्राहरुमा कडा ज्वरो आउने, टाउको सुन्निने, मुखमा घाउ हुने, नाकबाट सिंगान बहने, आँखामा कचेरा पर्ने र अन्तमा छेरेर मर्ने ।

रोकथामः- सकभर नयां ठाउँबाट बोका बाख्री ल्याउँदा पी.पी.आर भ्याक्सिन लगाएर मात्र ल्याउने । कुनै ठाउँमा रोग फैलिएको थाहा पाउनासाथ वरिपरिका स्वस्थ भेडाबाख्रालाई पी.पी.आर. भ्याक्सिन लगाउने ।

## (९) कुखुराको रानीखेत

लक्षणः- पहेंलो हरियो मिसिएको दिसा गर्ने, झोक्राउने, घाँटी बंग्याउने, ज्वरो आई एक्कासी खोरमा कुखुराहरु मर्दछन् ।

उपचारः- रोग देखा परेको खण्डमा बिरामी र स्वस्थ कुखुरालाई एफ.वन. भ्याक्सिन लगाउने । रोगीलाई ईलेक्ट्रोलाइट र एन्टीबायोटीक दिने ।

रोकथामः- एकहप्ते चल्लालाई एफ.वन. भ्याक्सिन लगाउने । ६-८ हप्ता भित्रमा फावल पक्स भ्याक्सिन लगाउने । ८-१० हप्तामा रानीखेत एम. स्ट्रेन भ्याक्सिन लगाउने ।

### (१०) कुखुराको बिफर

लक्षणः- सीउरमा खटीरा आउने, पहेलो दिसा गर्ने ।

उपचारः- खटीरा भएको ठाउँमा एन्टीबायोटीक लगाउने

रोकथामः- ६ हप्तामा भ्याक्सिन लगाउने ।

### (११) गम्बोरो

लक्षणः- सेतो पहेंलो छेर्ने, बिस्तारै दुब्लाउदै जाने, चल्लाहरु ३० प्रतिशतसम्म मर्ने र ठूलो कुखुरामा अण्डा घट्ने हुन्छ ।

उपचारः- रोग लागेकोलाई इलेक्ट्रोलाइट भएको पानी खुवाउने । लेभामिसोल-७५ एन्टीबायोटीक खुवाउने ।

रोकथामः- पहिलो हप्ता किल्ड गम्बोरो भ्याक्सिन लगाउने । ८-१० हप्तामा किल्ड भ्याक्सिन दोहऱ्याउने । १६-२० हप्तामा लाइभ भ्याक्सिन लगाउने ।

### (१२) कक्सीडीयोसिस

लक्षणः- रातो छेर्ने, झोक्राउने, जीउ नलाग्ने र फुल पार्नमा कमी आउने ।

उपचारः- सल्भेट, सुपरकक्स, कक्सीकिल, कड्रीनल, एम्प्रोलियम खुवाउने ।

रोकथामः- लसपस हुन र लिटर (सोत्तर) चिसो हुन नदिने ।

### (१५) जुनोटिक रोग

पशु पंक्षीसंग प्रत्यक्ष सम्पर्क, पशुजन्य पदार्थ सेवन वा अन्य कुनै माध्यमबाट मानिसमा सर्न सक्ने रोगहरुलाई जुनोटिक रोग भन्ने गरिन्छ । यी रोगहरु मानिसबाट पशुमा वा पशुबाट मानिसमा सर्न सक्ने प्रकृतिका हुन्छन्  हाम्रो देशको परिस्थितिमा रेबिज, ब्रुसेलोसिस, एन्थ्राक्स, बोभाइन ट्युबर कुलोसिस, टक्सोप्लाज्मोसिस, जापानी इन्सेफ्लाइटिस जस्ता जुनोटिक रोगको विशेष महत्व छ । यस्ता रोगहरुबाट बच्न निम्न उपाय अपनाउनु पर्दछ ।

- दूध राम्ररी उमालेर र मासु पकाएरमात्र खानुपर्दछ ।
- राँगो, खसी, बोका काट्दा र बेच्दा मासु र आन्द्राभुंडी मिसाउनु हुँदैन ।
- रोगी वा रोग लागेर मरेको जनावरको मासु खान हुँदैन र पट्के रोग लागेका शंका भएमा मृत जनावरको छाला काढ्न वा चिरफार गर्नुहुँदैन ।
- पाल्तु कुकुर, बिरालोलाई कहिल्यै कांचो मासु खान दिनु हुदैन । कुनै पनि शंकास्पद वा बहुला जनावरले टोकेमा तुरुन्तै साबुन पानीले घाउ राम्ररी पखाली हाल्नुपर्दछ । रेबिज विरुद्ध भ्याक्सिन लगाई हाल्नुपर्दछ

प्रकाशन क्रमः ७-२०६६/६७
फोल्डर क्रम : ३
प्रकाशन प्रतिः ६०००

प्रकाशक तथा मुद्रण
कृषि सूचना तथा संचार केन्द्र
हरिहरभवन ललितपुर
फोनः ५५२५६१७, ५५२२२४८
Email: agroinfo@wlink.com.np
www.aicc.gov.np

# पशुपक्षीका मुख्य रोगहरू र तिनको उपचार एवं रोकथाम

कृषि सूचना तथा संचार केन्द्र
हरिहर भवन, ललितपुर